# सहिदभूमि राजपत्र

सहिदभूमि गाउँ कार्यपालिकाद्वारा प्रकाशित

खण्ड-६, सङ्ख्या- ४ सहिदभूमि राजपत्र, मिति : २०८०/०८/११

भाग - २

# सहिदभूमि गाउँपालिकाको पोलिथिन पाइप वितरण कार्यविधी, २०८०

**सहिदभूमि गाउँपालिका प्रशासकीय कार्यविधि(नियमित गर्ने) ऐन २०७५ को दफा ४ बमोजिम कार्यपालिकाले** बनाएको तल लेखिए बमोजिमको ऐन सर्वसाधारणको जानकारीका लागि प्रकाशन गरिएको छ ।

# सहिदभूमि गाउँपालिकाको पोलिथिन पाइप वितरण कार्यविधी, २०८०

कार्यपालिकाबाट स्वीकृत मिति: २०८०/ ०८/११

प्रमाणीकरण मिति: २०८०/ ०८/११

सहिदभूमि गाउँपालिको कृषि क्षेत्रको उत्पादन र उत्पादकत्व अभिबृद्धि गर्न तथा सहिदभुमि बासीमा खानेपानी पहुँचमा अभिबृद्धि गर्न सहिदभूमि गाउँपालिकाको प्रशासकीय कार्यविधि ऐन, २०७५ को दफा ४ ले दिएको अधिकार प्रयोग गरी सहिदभूमि गाउँ कार्यपालिकाको मिति २०८०/ ०८/११ गते बसेको बैठकले यो कार्यविधि जारी गरेको छ ।

## परिच्छेद-१
## संक्षिप्त नाम र प्रारम्भ

**१. संक्षिप्त नाम र प्रारम्भः** (क) यो निर्देशिकाको नाम "सहिदभूमि गाउँपालिकाको अनुदानमा पोलिथिन पाइप वितरण कार्यविधी, २०८० रहेको छ ।

(ख) यो कार्यविधि सहिदभूमि राजपत्रमा प्रकाशित भएको मितिदेखि लागू हुनेछ ।

**२. परिभाषा र व्याख्याः** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस निर्देशिकामाः-

(क) "अध्यक्ष" भन्नाले सहिदभूमि गाउँकार्यपालिकाको अध्यक्ष जनाउँछ ।

(ख) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले सहिदभूमि गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृत जनाउँछ ।

(ग) "आर्थिक विकास संयोजक" भन्नाले सहिदभूमि गाउँपालिकाको गाउँ सभा तथा गाउँ कार्यपालिका मातहतको आर्थिक विकास समितिको संयोजक जनाउँछ ।

(घ) "योजना शाखा प्रमुख" भन्नाले सहिदभूमि गाउँपालिकाको योजना शाखा प्रमुख जनाउँछ ।

(ङ) "इन्जीनियर" भन्नाले सहिदभूमि गाउँपालिकाको इन्जिनियर जनाउँछ ।

(च) "पोलिथिन पाइप" भन्नाले सहिदभूमि गाउँपालिकाबाट वितरण हुने १६ मि.मि. तथा २० मि.मि. र २५ मि.मि. को पाइप जनाउँछ ।

(घ) "निर्देशक समिति" भन्नाले परिच्छेद-२ मा रहेको निर्देशक समिति जनाउँछ ।

(ङ) "वडा स्तरीय अनुगमन समिति" भन्नाले सहिदभूमि गाउँपालिकाको अनुगमन तथा सुपरिवेक्षण समितिको कार्यसंचालन कार्यविधि, २०७९ को परिच्छेद-३ मा रहेको वडा स्तरीय अनुगमन समिति जनाउँछ ।

## परिच्छेद -२ पोलिथिन पाइप वितरण सम्वन्धी विधि र मापदण्ड

१. पोलिथिन पाईप वितरणका लागि लाभग्रहीको निवेदन संकलनका लागि कार्यालयले सार्वजनिक रुपमा सूचना जारी गर्नुपर्ने छ ।

२. पोलिथिन पायप आवश्यक हुने उपभोक्ता समिति, कृषक समूह, खानेपानी समितिहरु तथा संघसस्थाहरुले खानेपानी/सिंचाइका लागि आवश्यक पाइप स्पेफिकेसन र माग परिणाम समेत खुलाई आफ्नो वडामा निवेदन दिनुपर्नेछ ।

३. निवेदनमा व्यक्ति वा संघ संस्थाको प्रतिनिधीको नागरिकताको फोटोकपी अनिवार्य संलग्न गर्नुपर्ने छ ।

४. वडाले नियम १ वमोजिमको प्राप्त निवेदनहरुका सम्बन्धमा आवस्यक जाचँवुझ गरी गाउँपालिकालाई लाभग्रहीहरुको सिफारिस गर्नुपर्नेछ ।

५. गाउँपाललिकाको कार्यालयले नियम १ र २ को आधारमा एक कृषक लाई अधिकतम ३०० मिटर नवढ्ने गरी र उपभोक्ता समिति वा संघसंस्थाको लागि अधिकतम १००० मिटर नवढ्ने गरि वडावाट प्राप्त सिफारिस समेतको आधारमा कार्यालय वाट भएको निर्णय बमोजिम वितरण गर्नुपर्ने छ ।

६. कार्यालयबाट छनौटमा परेका लाभग्राहीहरुलाई कार्यालयको जिन्शी शाखा मार्फत वडा कार्यालयलाई पाइप हस्तान्तरण गरिनेछ र वडा कार्यालयले भर्पाई गराई सम्बन्धित पक्षलाई पाइप वितरण गर्नुपर्नेछ ।

७. नियम ६ बमोजिम वितरण भएको पाइपको प्रयोगको अवस्थावारे अनुगमन गर्न सम्वन्धित वडाको प्राविधिक सहित तोकिएको वडस्तरिय अनुगमन समिति मार्फत अनुगमन गरि अनुगमन प्रतिवेदन तयार गर्नुपर्ने छ ।

८. उपदफा ७ वमोजिम अनुगमन भए पश्चात सम्बन्धित वडाको प्राविधिकले अनुसुची १ वमोजिमको ढाँचामा कार्यसम्पन्न प्रतिवेदन तयार गरि प्रमाणीत गरी कार्यालयमा पेश गर्नुपर्ने छ ।

९. लाभग्राहीहरु छनौट गर्दा गरिब परिचयपत्र भएका लाभग्राहीहरुलाई बडी प्राथमिकता दिइनेछ ।माथि जुनसुकै कुरा लेखिएको भएतापनि सरकारी सेवामा रहेका लाभग्राहीहरुलाई प्राथमिकतामा राखिने छैन ।

## परिच्छेद -३ निर्देशक समिति

९. पोलिथिन पाइप वितरण कार्यलाइ पारदर्शी र व्यावस्थित तुल्याउन का लागि समग्र अनुगमन तथा निर्देशन दिने प्रयोजनार्थ तपशिल वमोजिमको निर्देशक समिति रहनेछ ।

क. अध्यक्ष - संयोजक

ख. आर्थिक विकास संयोजक - सदस्य

ग. प्रमुख प्रशासकिय अधिकृत - सदस्य

घ. इन्जिनियर - सदस्य

१०. निर्देशक समितिको काम कार्तव्य र अधिकार: निर्देशक समितिको काम कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ ।

(क) न्यायोचित पोलिथिन पायप वितरणको व्यवस्था मिलाउने

(ख) पोलिथिन पायप वितरणका सम्बन्धमा प्राप्त गुनासोको सुनुवाई गर्ने

(ग) पाइप वितरणको सम्बन्धमा आवश्यक अनुगमन र सहजीकरण गर्ने

११. निर्देशक समितिको बैठक आवश्यकता अनुसार समितिको अध्यक्षको आब्हानमा बस्नेछ ।

१२. योजना शाखा प्रमुखले निर्देशक समितिको सदस्य सचिवको जिम्मेवारी निर्वाह गर्नुपर्ने छ।

## परिच्छेद-४ विविध

१३. कार्यविधि संशोधन :- यस कार्यविधिमा कार्यपालिकाले आवश्यक संशोधन वा हेरफेर गर्न सक्नेछ ।

१४. आवश्यक व्यवस्था गर्न सक्ने :- यस कार्यविधिको कार्यन्वयनमा कुनै वाधा अड्काउ उत्पन्न भएमा कार्यपालिकाले आवश्यक व्यवस्था गरी वाधा अड्काउ फुकाउन सक्नेछ ।

<u>अनुसूची- १</u>

**सहिदभूमि गाउँपालिका**

**पिप्ले, धनकुटा**

**<u>प्राबिधिक प्रतिवेदन</u>**

**<u>एच.डि.पि.ई. पाइप वितरण कार्यक्रम</u>**

श्रीमान प्रमुख प्रशासकीय अधिकृत ज्यु
सहिदभूमि गाउँपलिका
पिप्ले, धनकुटा

<u>विषयः- प्राबिधिक प्रतिबेदन पेश गरेको बारे ।</u>

उपरोक्त सम्बन्धमा देहाय को विवरण सहित प्राबिधिक प्रतिवेदन पेश गरेको छु ।

लाभग्राहिको नामः ..............................

ठेगाना : ....................................

परिमाण/ विवरणः-...................................................

❖ जुन अवस्था छ सोमा रेजा √ लगाउने हालको अवस्था :-

१. ( ) कार्य सम्पन्न भएको
२. ( ) कार्य सम्पन्न नभएको

<u>प्रतिबेदक</u>

दरखास्तः-

नाम,थर :

पदः-

मिति :-

आज्ञाले
नविन कार्की
प्रमुख प्रशासकीय अधिकृत